सत्य प्रवाह राष्ट्रिय दैनिक पत्रिका
प्रकाशक : सत्य संदेश प्रवाह प्रा.लि.
सम्पादक : सदाम हुसैन धोवी
कम्प्युटर अपरेटर : कृष्णा पंडित
सम्पर्क कार्यालय : मलंगवा नगरपालिका- १०,सर्लाही
मो०.: ९८६३०५११००, ९८१२०५७२००
वेबसाईड : satyaprawahkhabar.com
Email : satyaprawah123@gmail.com
मुद्रक : पशुपति अपसेट प्रेस मलंगवा, सर्लाही
(९८५४०३३८०७, ९८४४०३३८०७)

## सम्पादकीय.....................

### आँसुमा डुबेको नागरिकको नियति

*'हुने हार दैव नटार' भनेझैं रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीले निम्त्याएको प्रलयलाई रोक्न सरकारसँग अपेक्षा गर्नु व्यावहारिक नहुन सक्छ । प्राकृतिक विपद् कहिलेकाहीँ राज्यको क्षमता र तयारीभन्दा धेरै शक्तिशाली हुन्छ। तर विपद् आइसकेपछि नागरिकको उद्धार, राहत र सूचनामा राज्यको प्रभावकारी उपस्थिति देखिनुपर्छ। यही पक्षमा सरकार कमजोर देखिनु गम्भीर चिन्ताको विषय हो। विपद्मा फसेका नागरिकका लागि प्रत्येक मिनेट महत्वपूर्ण हुन्छ । भदौ १० गते आएको बाढीको केन्द्रबिन्दुसम्म सरकारको प्रभावकारी उद्धार टोली पुग्न चार दिन लाग्नु सामान्य कमजोरी होइन । स्थलमार्ग अवरुद्ध भएको अवस्थामा हेलिकप्टरलगायत उपलब्ध सबै साधन प्रयोग गरेर जलविद्युत् आयोजनाका सुरुङ, आवास क्षेत्र तथा जोखिममा रहेका स्थानमा फसेकाको तत्काल उद्धार गर्नुपर्थ्यो। सुरुङमा फसेकाहरूको उद्धारमा भएको ढिलाइले मानवीय जोखिम थप बढाएको छ। सरकारले हेलिकप्टर परिचालन गरी धेरै नागरिकको उद्धार गरेको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा स्थानीय उद्धारकर्मीले जोखिम मोलेर गरेको प्रयास प्रशंसनीय छ। तर कति नागरिक बेपत्ता छन्, कहाँ-कहाँ उद्धार आवश्यक छ र कसलाई तत्काल उद्धार गर्नुपर्ने हो भन्ने यकिन तथ्यांक नहुनु चिन्ताजनक छ। यातायात व्यवसायीका अनुसार एक हजारभन्दा बढी चालक तथा चिलिमे र अपर त्रिशूली क्षेत्रका मजदुर सुरुङ तथा नाकामा फसेको अवस्था छ। गोसाइँकुण्ड गएका तीर्थयात्रीमध्ये पनि थुप्रै सम्पर्कविहीन छन्। यस्तो अवस्थामा बेपत्ता नागरिकका आफन्त सामाजिक सञ्जालमार्फत गुहार माग्न बाध्य हुनु राज्यको सूचना प्रणालीमाथि नै प्रश्न हो। विपद्का बेला सूचना पनि राहत हो र अनिश्चितता अर्को विपद् हो । सरकारले उद्धारको प्रगति, बेपत्ताको विवरण, जोखिममा रहेका क्षेत्र र उपलब्ध राहतबारे नियमित तथा विश्वसनीय सूचना सार्वजनिक गर्नुपर्छ। समयमै उद्धार नपाएर अब एक जनाको पनि ज्यान जानुहुँदैन ।*

## बाँकी सामाचार.................

### बैंकहद्धको सम्पत्ति नष्ट..........

अनुसार प्रभावित क्षेत्रमा बैंकहरूले २ अर्ब ४३ करोड कर्जा लगानी गरेको अवस्थाछ। बैंकहरूको यो कर्जा लगानी जलविद्युत् क्षेत्रमा गरेको बाहेकको हो । ती शाखामा कुल निक्षेप ४ अर्ब ५० करोड रुपैयाँ छ। बाढीका कारण सबैभन्दा ठूलो क्षति कृषि विकास बैंकको देखिन्छ । बैंकको त्रिशूली शाखा पूर्ण रुपमा क्षतिग्रस्त भएको छ। साथै सो शाखामा बैंकको ६४ लकर बक्स प्रयोगमा भएकाले ग्राहकको सम्पत्तिमा समेत क्षति पुगेको छ। लकरमा भएको सरसामानको बीमा नहुने भएकाले लकर प्रयोगकर्ता ग्राहकलाई मात्रै नोक्सानी भएको मानिन्छ । साथै लकरमा के राखेको भन्ने समेत बैंकलाई जानकारी नहुने भएकाले त्यो विवरणमा समावेश गरिएको छैन । तर, सुन धितोमा कर्जा लिएको सुनको हकमा भने बीमा गरिएको हुन्छ। त्यस्तो धितोमा लिइएको सुनलाई पनि बैंकहरूले क्षतिमा गणना गरेका छैनन् । बाढीका कारण कृषि विकास बैंक, सिटिजन्स बैंक, ग्लोबल आईएमई बैंक, हिमालयन बैंक, लक्ष्मी सनराइज बैंक, माछापुच्छ्रे बैंक, एनएमबी बैंक, सानिमा बैंकका एक-एक शाखा कार्यलयमा क्षति पुगेको छ । त्यसैगरी प्रभु बैंकका दुई र एनआइसी एसिया बैंक तथा नेपाल इन्भेस्टमेन्ट बैंकका ३ शाखा कार्यलयमा क्षति पुगेको छ । यसैबीच बैंकहरूका २६ कर्मचारी अझै सम्पर्कमा आएका छैनन्। बाढीले धेरै बैंकका शाखा कार्यलय पूर्ण क्षति पुऱ्याएसँगै २६ कर्मचारी सम्पर्कविहीन भएका हुन् ।

ब्रह्मपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी, सर्लाही
मधेश प्रदेश, नेपाल

**पोखरी ठेक्का सम्बन्धी ७ दिने सूचना ।**


*चौथो पटक सूचना प्रकाशित मिति : २०८३/०५/१६ गते ।*

| सि.नं. | पोखरी ठेक्का नं. | पोखरीको नाम (विवरण) | न्युनत्तम मुल्याङ्कित रकम मुल्य अभिवृद्धि कर बाहेक (रु.) मा | बोलपत्र दस्तुर (रु.) मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०८३/०८४ | सानो जोरलहिया पोखरी, ब्रह्मपुरी-६ | ५,२२,५००।- | १०००।- | ठेक्का अवधि : आ.व. २०८३/०८४ को सम्झौता भएको मिति देखि आ.व. २०८७/०८८ आषाढ मसान्त सम्म |
| २ | २/०८३/०८४ | नुनथरा पोखरी, ब्रह्मपुरी-२ | १८,८१,०००।- | ३०००।- | |
| ३ | ३/०८३/०८४ | उत्पीडित दलित प्रा.वि. भेल्ही छेउको पोखरी, ब्रह्मपुरी-३ | १२,५५,०४५।- | १०००।- | |
| ४ | ४/०८३/०८४ | ठुलो जोरलहिया पोखरी, ब्रह्मपुरी-६ | १७, ७६,६५७८० | ३०००।- | |
| ५ | ५/०८३/०८४ | पडरियाको गोइराही पोखरी, ब्रह्मपुरी-५ | १२,०१,७५०।- | १०००।- | |
| ६ | ६/०८३/०८४ | परचिलवा पोखरी, ब्रह्मपुरी-५ | १,५७,७९५।- | १०००।- | |
| ७ | ७/०८३/०८४ | कजली पोखरी, ब्रह्मपुरी-५ | १,३१,६७०।- | १०००।- | |
| ८ | ८/०८३/०८४ | नन्मोही पोखरी, ब्रह्मपुरी-६ | ५,२७,७२५।- | १०००।- | |
| ९ | ९/०८३/०८४ | भूतहा पोखरी, ब्रह्मपुरी-६ | ४,२३,२२५।- | १०००।- | |

- **बोलपत्र-दरभाउ खरिद गर्ने अन्तिम मिति** : २०८३/०५/२२ गते समय ५:०० बजे बेलुका सम्म ।
- **बोलपत्र-दरभाउ पेश गर्ने मिति** : २०८३/०५/२३ गते समय दिउँसो १२:०० बजे सम्म तथा खोल्ने समय बेलुका २:०० बजे ।
- शर्त सेवा सुविधा थप जानकारीको लागि ब्रह्मपुरी गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न वा website www.brahmapurimun .gov.np मा हेर्नु हुन अनुरोध छ ।

*प्रमुख प्रशासकिय अधिकृत*

# मधेशमा लेखा समूहका ७६ कर्मचारीको सरुवा




*सत्य प्रवाह समाचादाता-* सर्लाही, १५ भदौ। मधेश प्रदेश सरकारले आर्थिक तथा प्रशासनिक सुशासन कायम गर्न भन्दै एउटै कार्यालयमा लामो समयदेखि कार्यरत लेखा समूहका कर्मचारीहरूको सरुवा गरेको छ । मधेश प्रदेश सरकारको अर्थ मन्त्रालयले दुई वर्षभन्दा बढी समयदेखि एउटै कार्यालयमा कार्यरत ७६ जना लेखा अधिकृत तथा लेखापाललाई सरुवा गरेको हो । मन्त्रालयले सरुवा भएका कर्मचारीहरूको बिहीबार आफ्नो वेबसाइटमा विवरण सार्वजनिक गरेको छ। मन्त्रालयका अनुसार लामो समयदेखि एउटै कार्यालयमा कार्यरत कर्मचारी तथा आकर्षक मानिएका कार्यालयमा निरन्तर बस्दै आएका कर्मचारीलाई सरुवा प्रक्रियामा समेटिएको छ। एउटै कार्यालयमा लामो समयसम्म कर्मचारी बसिरहँदा उत्पन्न हुनसक्ने एकाधिकार र वित्तीय प्रशासनमा देखिएका बेथिति अन्त्य गर्न सरुवा गरिएको अर्थमन्त्री युवराज भट्टराईले बताए । मन्त्रालयले लामो समयदेखि एउटै अड्डामा सीमित रहने प्रवृत्तिले आर्थिक तथा वित्तीय सुशासनमा चुनौती सिर्जना गरेको निष्कर्षसहित प्रशासनिक सुधारको प्रक्रिया अघि बढाएको जनाएको छ । यसअघि जनशक्ति अभावको कारण देखाउँदै एउटै कर्मचारीलाई तीनदेखि चार वटासम्म कार्यालयको जिम्मेवारी दिने अभ्याससमेत रहेको थियो। मन्त्रालयले उक्त व्यवस्था अन्त्य गर्दै अब 'एक कर्मचारी, एक कार्यालय' नीति कडाइका साथ लागु गर्ने निर्णय गरेको अर्थमन्त्री भट्टराईले बताए । अर्थ मन्त्रालय मातहत वा अन्य निकायमा एकभन्दा बढी कार्यालयको जिम्मेवारी सम्हालिरहेका लेखा अधिकृत तथा अन्य कर्मचारीको जिम्मेवारीसमेत पुनरावलोकन गरी एउटै कार्यालयमा सीमित गरिने मन्त्रालयले जनाएको छ । सरुवा भएका कर्मचारीले सात दिनभित्र साविक कार्यालयबाट रमाना लिई नयाँ पदस्थापना भएको कार्यालयमा अनिवार्य रूपमा हाजिर हुनुपर्ने मन्त्रालयले जनाएको छ। सरुवा आदेश कार्यान्वयनमा ढिलाइ गर्ने वा सरुवा भएको कार्यालयमा जान आलटाल गर्ने प्रवृत्तिलाई रोक्न मन्त्रालयले कडा व्यवस्था गरेको छ । तोकिएको समयभित्र रमाना नलिई साविक कार्यालयमै बसिरहने कर्मचारीको साविक कार्यालयको खाता सञ्चालन अधिकार रोक्का गर्न प्रदेश कोष नियन्त्रक कार्यालयलाई निर्देशन दिइएको छ। सरुवापछि चलखेल गरी एउटै निकाय तथा दोहोरो/तेहोरो जिम्मेवारीमा बस्ने केही लेखाका कर्मचारी आन्तरिक रूपमा गुट बनाएर आन्दोलन तथा सरकारको निर्णय उल्ट्याउने तयारीमा लागेको मन्त्रालय स्रोतले जनाएको छ । त्यसका निम्ति उनीहरू मुख्यमन्त्री कार्यालयलाई प्रभावमा पार्ने गरी आन्तरिक गृहकार्य गरिरहेको स्रोतको दाबी छ ।

# रसुवागढी-केरुङ सडकमा क्षति पुगेपछि कोरला नाका बाट सामान आउँदै

*सत्य प्रवाह समाचादाता-* सर्लाही, १५ भदौ। रसुवागढी-केरुङबाट आयात गरिने मालवस्तु र कन्टेनर धमाधम मुस्ताङको कोरलानाकाबाट आउन थालेका छन् ।

नेपाल-चीनबीचको (रसुवागढी-केरुङ) नाका विनाशकारी बाढीका कारण पूर्ण रुपमा क्षति भएसँगै कोरलानाकाबाट मालवस्तु र कन्टेनरहरु आउन थालेका हुन् । मुस्ताङको जोमसोममा रहेको सशस्त्र प्रहरीको चेकपोष्टबाट हिजो ६६ मालवाहक कन्टेनरको विवरण सङ्कलन गरिएको छ । सशस्त्र प्रहरीको जोमसोम चेकपोस्टले रसुवागढी नाका पूर्ण रुपमा बन्द भएपछि कोरलानाकाबाट मालवस्तु पैठारी गर्ने कन्टेनरको सङ्ख्या बढिरहेको जनाएको छ। कोरलानाकालाई वैकल्पिक नाका रुपमा सरकारले सञ्चालनमा ल्याएपछि कोरलाको मुस्ताङ भन्सार कार्यालयबाट आर्थिक वर्ष २०८२/०८३ मा छ अर्ब ९२ करोड राजस्व सङ्कलन गरेको थियो ।